# माध्यमिक तहका विद्यार्थीहरूको चिठी लेखन क्षमता
# (Letter Writing Ability of Secondary Level Students)

**ओमप्रकाश आचार्य**[१]


## लेखसार

व्यावहारिक लेखन भन्नाले दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरु हुन् । व्यावहारिक लेखन अन्तर्गत चिठीः व्यक्तिगत, कार्यालयीय, व्यावसायिक, निवेदन, सूचना, विज्ञापन, रसिद, भर्पाइ, मन्जुरीनामा, निर्णयपुस्तिका लेखन, व्यक्तिगत विवरण पर्दछन् । नेपालको शैक्षिक संरचना अनुरुप माध्यमिक तह विद्यालय तह हो । कक्षा ९ देखि कक्षा १२ सम्मको कक्षागत तहलाई माध्यमिक तह भनिन्छ । कक्षा १० उत्तीर्ण भएपछि एस.इ.इ. ( सेकेन्डरी एजुकेसन इग्जामाइनेसन ) को परीक्षा हुने गर्दछ । यस परीक्षामा उत्तीर्ण भएपछि कक्षा ११ मा अध्ययन गर्न पाइन्छ । यस अध्ययनमा कक्षा १० लाई केन्द्रविन्दुमा राख्दै एस.इ.इ.को परीक्षा दिन तयारी अवस्थामा रहेका विद्यार्थीहरुको चिठी लेखन क्षमता के कस्तो छ ? उनीहरुमा देखापरेका चिठी लेखनका मूलभूत समस्याहरु के के छन् ? समस्या समाधान के कसरी गर्न सकिन्छ ? भन्ने जिज्ञासा एवम् अनुसन्धेय प्रश्नमा आधारित भई माध्यमिक तहका विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्नु, चिठी लेखनमा आइपरेका समस्याहरु उल्लेख गर्नु, समस्या समाधानका उपाय सुझाउनु जस्ता उद्देश्यमा यो अध्ययन केन्द्रित रहेको छ। पुस्तकालयीय र क्षेत्रगत अध्ययन विधि अवलम्बन गरिएको यस अनुसन्धानमा उद्देश्यपरक ढङ्गबाट नमुना छनोट गरी परीक्षणको सामग्री प्रश्नावली रहेको छ। जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकाका ४ वटा सामुदायिक माध्यमिक विद्यालयका १२० जना विद्यार्थीहरु नमुनाका रुपमा रहेकाछन् । ११० जना विद्यार्थीहरुमा व्यावहारिक लेखन क्षमताको प्रश्नावलीका सहायताबाट परीक्षण गरी व्यावहारिक लेखनको चिठी लेखन : कार्यालयीय प्रत्येक विद्यार्थीको विश्लेषण गरी क्षमतालाई प्रतिशतमा राखिएकोछ । यसले जुम्ला जिल्लाका चन्दननाथ नगरपालिकाका माध्यमिक तहका कक्षा १० का विद्यार्थीहरुको व्यावहारिक लेखन क्षमताको पहिचान गरिएको छ। चिठी लेखनको आन्तरिक संरचनामा रहेका मिति, सम्बोधन ,विषय ,संरचना, पठाउने र पाउने संरचनामा केन्द्रितभएर लेख्न सक्ने विद्यार्थीहरु ५६.३२५ छन् । उक्त संरचनामा आधारित भएर लेख्न नसक्ने कमजोर विद्यार्थीहरु ४३.६८५ रहेका छन् ।। त्यस्तैगरी चिठी लेखनको विषयवस्तुगत प्रस्तुतिमा ४८.४६५ विद्यार्थीहरू सक्षम छन् ५१.५४५ विद्याथीहरू चिठी लेखनको विषयवस्तुगत प्रस्तुतिमा कमजोर रहेका छन् । लेखन क्षमतामा देखिएका समस्या, र समाधानका लागि सुझाव, चिठी लेखन क्षमता अभिवृद्धिका उपाय पेश गरिएकोछ। शिक्षण सिकाइमा केन्द्रित यस अनुसन्धानात्मक लेखले चिठी लेखन क्षमताको अवस्था, शिक्षण सिकाइ सिद्धान्त र प्रयोगमा मद्दत गर्नेछ ।


१. त्रिभुवन विश्वविद्यालय, Email: omacharya3851@gmail.com
Article history: Received on: Oct. 9, 2024; Accepted on: Dec. 14, 2024; Published on: Jan. 31, 2025
Peer Reviewed under the authority of THE ACADEMIA, journal of NUTAN, central committee, Kathmandu, Nepal, with ISSN 2350-8671 (Print).

Creative Commons Attribution-Non Commercial-No Derivatives 4.0 International License.

***मुख्य शब्दावली :*** व्याकरणिक, अभ्यासात्मक, प्रयोगपरक, व्यावहारिक, स्तरीय, संरचनात्मक

## परिचय

मानिसका व्यक्तिगत दैनिक जीवनसँग सम्बन्धित लेखन व्यावहारिक लेखन हो। व्यावहार संचालनका लागि व्यावहारिक लेखन आवश्यक पर्दछ। मानिसका व्यावहारिक जीवनसँग सम्बन्धित लेखनलाई व्यावहारिक लेखन भनिन्छ (ओझा, २०७५ : ३५)। व्यक्तिगत चिठी लेखन सामान्य प्रकृतिको हुन्छ भने कार्यालयीय चिठी स्तरीय हुनुपर्दछ। निवेदन, सूचना, विज्ञापन लगायत व्यवहार संचालनका क्रममा समाजसँगको व्यवहार, कार्यालयसँगको व्यवहार व्यावहारिक लेखनमा पर्दछ। घरायसी र कार्यालयीय चिठी, विभिन्न प्रयोजनका निवेदन, सूचना, विज्ञापन, रसिद, भर्पाइ, मन्जुरीनामा, समवेदना, शुभकामना , बधाई, निर्णय पुस्तिका लेखन व्यावहारिक लेखनका नमुना हुन् (ओझा, २०७५ : ३५)। चिठी लेखन निश्चित ढाँचामा हुने गर्दछ। ढाँचामा आधारित लेखन जटिल प्रकृतिको हुन्छ। ढाँचाभन्दा फरक तरिकाले लेखिएको लेखन प्रभावकारी मानिदैन। भाषामा यस्ता व्यावहारिक लेखनको शिक्षण सिकाइ गरिन्छ। नेपाली भाषा नेपालको सरकारी कामकाजको, साझा सम्पर्कको भाषा हो। माध्यमिक तहमा नेपाली भाषाका चार भाषिक सीप ( सुनाइ, बोलाइ, पढाइ र लेखाइ ) मा निपूर्ण बनाउन नेपाली विषयलाई अनिवार्य विषयका रुपमा पठनपाठन गरिन्छ। लेखाइ भाषाको चौथो र अन्तिम प्रदानात्मक भाषिक सीप हो। यही भाषिक सीपसँग व्यावहारिक लेखन सम्बन्धित छ। माध्यमिक तहको एस. इ.इ. पार गर्ने अवस्थाको कक्षामा अध्ययनरत विद्यार्थीहरूमा चिठी लेखन क्षमताको अध्ययन गरिएको छ। एस.इ.इ. उत्तीर्ण गर्ने अवस्थामा पुग्दासमेत चिठी लेखनमा विद्यार्थीहरू अलमलिएको स्थितिमा उनीहरूको स्तर अनुरूपको चिठी लेखनमा रहेको दक्षता र क्षमताको यस अध्ययनमा खोजी गरिएको छ। लेखन क्षमतामा आन्तरिक संरचना, विषयवस्तुको प्रस्तुति र व्याकरणिक तत्व उनीहरू चिठी लेखनमा कति सक्षम छन् ? उनीहरूमा चिठी लेखनका समस्या के के हुन् ? यस्ता लेखनगत समस्या समाधानका उपायहरू के के हुनसक्छन् ? भन्ने विषय केन्द्रित माध्यमिक तहका विद्यार्थीहरूको चिठी लेखन क्षमता शीर्षकमा अनुसन्धानात्मक कार्य गरिएकोछ।

## उद्देश्य

क) माध्यमिक तहका विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन गर्नु ,

ख) चिठी लेखन क्षमतामा आइपरेका समस्याहरू उल्लेख गर्नु ,

ग) चिठी लेखनमा आइपरेका समस्याहरुको समाधानका उपायहरू सुझाउनु।

## अध्ययन विधि

यस अनुसन्धानमा क्षेत्रगत भ्रमण अध्ययन विधि अवलम्बन गरिएकोछ।

### अनुसन्धान ढाँचा

गुणात्मक र परिमाणात्मक अनुसन्धान ढाँचाको मिश्रित प्रयोगमा माध्यमिक तहका विद्यार्थीको चिठी लेखन क्षमताको अनुसन्धान सम्पन्न गरिएकोछ। परिमाणात्मक अनुसन्धान ढाँचामा शूक्ष्म सांख्यिकिको प्रयोग गरिएकोछ।

### जनसंख्या

जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकामा संचालित आठवटा सामुदायिक माध्यमिक विद्यालयमा कक्षा दशमा अध्ययनरत सम्पूर्ण ३७५ जना विद्यार्थीहरू यस अध्ययनमा जनसंख्याका रूपमा रहेकाछन् ।

### तथ्याङ्कका स्रोतहरु

यस अनुसन्धानका लागि प्राथमिक र द्वितीय तथ्याङ्कका स्रोतहरू रहनेछन् । प्राथमिक स्रोतअन्तर्गत प्रत्यक्ष भेटघाट , प्रश्नावली रहनेछ भने द्वितीय स्रोत अन्तर्गत व्यावहारिक लेखन सम्बद्ध सामग्री छन् ।

### नमुना छनोट

यस अध्ययनको नमुना छनोट सोद्देश्यमूलक रहेकोछ। चन्दननाथ नगरपालिकामा संचालित ८ वटा माध्यमिक विद्यालय मध्ये दुरीका आधारमा जम्मा ४ वटा सामुदायिक माध्यमिक विद्यालय छनोट गरिएको छ। उक्त विद्यालयमा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूलाई गोलाप्रथाका आधारमा छात्र/छात्राहरू मध्येबाट प्रति विद्यालय ३० जना विद्यार्थीका दरले चारवटा विद्यालयबाट जम्मा १२० जना विद्यार्थीहरू अध्ययनका लागि नमुनाका रूपमा छनोट गरिएकोछ। यसरी गोलाप्रथाले यादृच्छिक प्रणालीका आधारमा अध्ययन प्रतिनिधित्वका लागि प्रति विद्यालय र नमुना छनोट गरिएकोछ।

### सामग्री

यस अध्ययनको प्रमुख सामग्री भनेको प्रश्नावली हो । चिठी लेखन सम्बन्धी प्रश्नावली तयार पारी छनोट गरिएका विद्यार्थीहरूलाई चिठी लेखन नमुना प्रस्तुत गर्न लगाइएको छ। शिक्षकका लागि समेत चिठी शिक्षण, सिकाइ सन्दर्भमा आधारित भएर प्रश्नावली तयार पारिएको छ।

### तथ्याङ्क व्याख्या/विश्लेषण प्रक्रिया

यस अनुसन्धानात्मक लेखको व्याख्या विश्लेषण प्रक्रिया वर्णनात्मक र विश्लेषणात्मक छ। विद्यार्थीहरुको चिठी लेखनको संरचना, भाषिक शुद्धता ( लेखाइ सीप ) विषयअनुरुप प्रस्तुतिलाई आधार मानेर मूल्याङ्कन गरी प्रत्येक विद्यार्थीको चिठी लेखन क्षमताको विश्लेषण गरी प्रतिशतमा नतिजा उल्लेख गरिएकोछ। उनीहरूको लेखन संरचना, भाषिक शुद्धता र प्रस्तुतिलाई मूल्याङ्कन गरेर साथै शिक्षकले भरेको प्रश्नावलीका आधारमा शिक्षण सिकाइ प्रक्रियाका सम्बन्धमा समेत प्राप्त तथ्याङ्कका आधारमा तालिकीकरण गरी विश्लेषण गरिएकोछ।

### तथ्याङ्क विश्लेषण, परिणाम र छलफल

चिठी लेखन क्षमताका सन्दर्भमा जुम्लाका ४ वटा विद्यालयलाई नमुनाका रूपमा लिई अनुसन्धानात्मक कार्य गरिएकोछ।

### श्री कर्णाली मा. वि. अनामनगर, जुम्ला

### चिठी लेखन क्षमता

यस अध्ययनमा माध्यमिक तह कक्षा १० का विद्यार्थीहरूको व्यापारिक चिठी लेखन क्षमताको अध्ययनमा चिठीको आन्तरिक संरचना, विषयवस्तुको प्रस्तुति र व्याकरणिक तत्वका आधारमा लेखन क्षमताको अध्ययन गरिएकोछ। यसमा आन्तरिक संरचनामा मिति, सम्बोधन, विषय, संरचना, नाम र ठेगानाका आधारमा त्यस्तै

विषयवस्तुको प्रस्तुतिमा सन्देश, प्रस्तुति, भाषा, विषयवस्तुको क्रम र समापन एवम् व्याकरणिक तत्वअन्तर्गत शब्दभण्डार, वर्णविन्यास, संगति, वाक्यगठन, अनुच्छेदगठनमा आधारित भएर अध्ययन गरिएकोछ।

## आन्तरिक संरचना

**तालिका १ चिठीको आन्तरिक संरचनात्मक लेखन क्षमता**

| आन्तरिक संरचनात्मक एकाइ | सहीगर्ने विद्यार्थी संख्या | त्रुटिगर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरू प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| मिति | १९ | ११ | ३० | ६६.३३ | |
| सम्बोधन | १७ | १३ | ३० | ५६.६६ | |
| विषय | २३ | ७ | ३० | ७६.६६ | |
| संरचना | १८ | १२ | ३० | ६० | |
| पठाउनेको नाम र ठेगाना | १८ | १२ | ३० | ६० | |
| पाउनेको नाम र ठेगाना | १६ | १४ | ३० | ४६.६६ | |

व्यापारिक चिठी लेखनको आन्तरिक संरचना अन्तर्गत रहने मिति, सम्बोधन, विषय, संरचना, पठाउने र पाउनेको नाम र ठेगाना जस्ता पक्षमा आधारित भएर अध्ययन गर्दा चिठीमा मिति नै नलेख्नु, लेखिएको मिति पनि अङ्ग्रेजीमा लेख्नु, कतिपय विद्याथीहरूले सम्बोधन नगरी लेख्नु, विषय नै नलेख्नु, संरचना मिलाउन नसक्नु एवम् चिठी पठाउने र पाउनेको नाम, ठेगाना लेख्न छोड्नु जस्ता कमजोरी देखिएका छन्। श्री कर्णाली मा. वि. अनामनगर, जुम्लाका माध्यमिक तह कक्षा १० का विद्यार्थीहरूको व्यापारिक चिठी लेखनको आन्तरिक संरचनामा जम्मा विद्यार्थीहरू मध्ये ६१.६६ विद्यार्थीहरूको संरचनात्मक लेखन क्षमता रहेको छ भने ३८.३३ विद्यार्थीहरू लेखन क्षमतामा कमजोर रहेका छन्।

## विषयवस्तुको प्रस्तुति

**तालिका २ चिठी लेखनमा विषयवस्तुको प्रस्तुतिगत क्षमता**

| विषयवस्तुको प्रस्तुतिगत एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा संख्या | लेखन क्षमता भएका विद्याथीहरू प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| सन्देश | २५ | ५ | ३० | ८३.३३ | |
| प्रस्तुति | १० | २० | ३० | ३३.३३ | |
| भाषा | २४ | ६ | ३० | ८० | |
| विषयवस्तुको क्रम | १४ | १६ | ३० | ४६.६६ | |
| समापन | १२ | १८ | ३० | ४० | |

चिठी लेखनमा विषयवस्तुको प्रस्तुति अन्तर्गत सन्देश,निर्देशन, प्रस्तुति भाषा, विषयवस्तुको क्रम, समापन जस्ता आधारहरुलाई जम्मा ४० प्रतिशत अङकभारमा राखी अध्ययन गरिएकोमा सन्देश, खुलाउन सबैभन्दा बढी विद्यार्थीहरु सक्षम रहेका छन्। यसमा के लेख्न खोजिएको हो, चिठीले के सन्देश प्रवाह गर्न खोजेको छ स्पष्ट

लेख्नुपर्दछ । १७ प्रतिशत विद्यार्थीहरुले यस्तो लेख्न सकेका छैनन् । चिठीमा प्रस्तुति महत्वपूर्ण मानिन्छ । कर्णाली मा. वि. अनामनगर, कक्षा १० का ३३ प्रतिशत विद्यार्थीहरुको चिठी लेखनगत प्रस्तुति क्षमता रहेको छ । चिठीको प्रस्तुति, चिठीको भाषा प्रयोगमा समेत यथेष्ट कमजोरी रहेको छ भने विषयवस्तुको क्रम मिलाएर लेख्न सक्ने क्षमता भएका जम्मा ४६.६६ प्रतिशत छन् । ५३.३४ प्रतिशत विद्यार्थीहरुले व्यापारिक चिठीको क्रम मिलाएर लेख्न सकेका छैनन् । पुस्तक खरिदका लागि केही रकम पेश्की स्वरुप पठाएको र बाँकी रकम पछि पठाउने सर्त सहितको समापन गर्नुपर्ने हो त्यसो गर्न सकेका छैनन् । व्यावहारिक लेखन अन्तर्गत व्यापारिक चिठी लेखनमा विषयवस्तु प्रस्तुतिगत क्षमता भएका ५६.६६ प्रतिशत विद्यार्थी छन् भने ४३.३४ प्रतिशत विद्यार्थीहरु कमजोर क्षमता भएका छन् ।

## व्याकरणिक तत्व

**तालिका ३ चिठी लेखनमा व्याकरणिक तत्वगत क्षमता**

| व्याकरणिक तत्वगत एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| शब्दभण्डार | १७ | १३ | ३० | ५६.६६ | |
| वर्णविन्यास | १२ | १८ | ३० | ४० | |
| सङ्गति | १४ | १६ | ३० | ४६.६६ | |
| वाक्यगठन | १२ | १८ | ३० | ४० | |
| अनुच्छेदगठन | १२ | १८ | ३० | ४० | |

व्यापारिक चिठी लेखन अन्तर्गत माध्यमिक तह कक्षा १० का विद्यार्थीहरुको लेखन क्षमता परीक्षण गर्दा श्री कर्णली मा. वि. अनामनगरका विद्यार्थीहरु शब्दभण्डारमा कमजोर रहेका छन् । शब्दभण्डारमा मौलिक शब्दको प्रयोग रहेको छ । पाल्लो, चुक्तानी, गदछु । वर्णविन्यासका आधारमा ६० प्रतिशत विद्यार्थीहरु कमजोर रहेका छन् गद्दै, सिघादिसिघ, माथी, विनमर, विषया,मोहोदय जस्ता वर्णविन्यासगत त्रुटि गरेका छन् । वाक्यगत सङ्गतिका आधारमा लेखन क्षमता भएका ४० प्रतिशत विद्यार्थीहरु छन् । हाम्रो विद्यालयमा कक्षा १० सुरूभइसकेकाले यसै पत्रसाथ पठाएको छ । उपलब्ध गराइदिनहुन अनुरोध गरिदैछ । सङ्गति नमिलेको, वाक्यगठनको तालमेल नभएको छः हामीले आवश्यक पर्ने पुस्तकहरु निम्न छन्, त्यस विक्री कक्षका नाममा रहको राष्ट्रिय वाणिज्य वैंकमा भुक्तानी गरी गराइ दिने साथै विल प्राप्त हुनासाथ अनुरोध गरिन्छ । जस्ता वाक्य लेखिएका छन् । कक्षा १० का ४० प्रतिशत विद्यार्थीहरुमा अनुच्छेद गठन क्षमता रहेको छ भने ६० प्रतिशत विद्यार्थीहरुमा अनुच्छेदगठन क्षमता कमजोर रहेको छ । पहिलो अनुच्छेदमा पुस्तक पठाइदिन अनुरोध, दोस्रो अनुच्छेदमा पुस्तकको विवरण, तेस्रो अर्थात अन्तिम अनुच्छेदमा भुक्तानी सम्बन्धमा उल्लेख गरिनु पर्दछ, त्यसरी अनुच्छेद गठन हुन सकेको छैन । चिठी लेखनमा व्याकरणिक तत्वगत क्षमता ४४.६६ प्रतिशत विद्यार्थीहरुमा मात्र रहेको छ ।

### श्री चन्दननाथ मा. वि. जुम्ला

यो विद्यालय जुम्ला जिल्लाको चन्दननाथ नगरपालिका वडा नं. ४ खलङ्गामा पर्दछ । माध्यमिक तह कक्षा १० मा जम्मा ७९ जना विद्यार्थीहरु मध्ये व्यावहारिक लेखन क्षमता अध्ययनका लागि छनोटमा परेका ३० जना विद्यार्थीहरुको चिठी लेखन, शुभकामना लेखन र निमन्त्रणा पत्र लेखन क्षमता यसप्रकार छ ।

## चिठी लेखन क्षमता

### आन्तरिक संरचना

व्यावहारिक लेखन अन्तर्गत व्यापारिक चिठी लेखनका आन्तरिक संरचनात्मक एकाइमा आधारित भएर लेखन क्षमताको परीक्षण गर्दा श्री चन्दननाथ मा. वि. जुम्लाका कक्षा १० का विद्यार्थीहरुको लेखन क्षमता उसप्रकारको छ।

**तालिका ४ चिठी लेखनमा आन्तरिक संरचनात्मक लेखन क्षमता**

| आन्तरिक संरचनात्मक एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| मिति | २३ | ७ | ३० | ७६.६६ | |
| सम्बोधन | २० | १० | ३० | ६६.६६ | |
| विषय | २४ | ६ | ३० | ८० | |
| संरचना | २० | १० | ३० | ६६.६६ | |
| पठाउनेको नाम र ठेगाना | २१ | ९ | ३० | ७० | |
| पाउनेको नाम र ठेगाना | २१ | ९ | ३० | ७० | |

व्यापारिक चिठी लेखनको आन्तरिक संरचनात्मक एकाइ अन्तर्गत मिति नलेख्ने एवम् लेखिएको मिति पनि अङ्ग्रेजीमा लेख्ने गरेका छन्। चिठी लेखनमा सम्बोधन महत्वपूर्ण हुन्छ।सम्बोधन कसलाई गर्ने भन्ने कुरामा विद्यार्थीहरु अलमलिएका छन्। कसैले श्रीमान् प्रधानाध्यापकज्यू, श्रीमान् साझा प्रकाशन भनेर लेखेका छन्। चिठीमा विषय समेत उल्लेख नगरेर लेखेका छन्। चिठी लेखनको संरचनामा कक्षा १० का विद्यार्थीहरु चुकेका छन्। पुरा विवरण नखुलेको पुस्तकको नाम सूची नदिएको, भुक्तानीको कुरा उल्लेख नगरिएको, विषयलाई माथि सम्बोधन तल पारेर लेखेका छन् जसले गर्दा संरचनात्मक कमजोरी रहेको छ। चिठी पठाउने र पाउनेको नाम र ठेगाना समेत उल्टो गरेर लेखेका छन्। चिठी लेखनमा आन्तरिक संरचनात्मक क्षमता भएका विद्यार्थीहरु ७१.६६ प्रतिशत छन् भने २८.३३ पुतिशत विद्यार्थीहरु आन्तरिक संरचनात्मक लेखन क्षमतामा कमजोर छन्।

## विषयवस्तुको प्रस्तुति

**तालिका ५ चिठी लेखनमा विषयवस्तुको प्रस्तुतिगत क्षमता**

| विषयवस्तुको प्रस्तुतिगत एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| सन्देश | ३० | - | ३० | १०० | |
| प्रस्तुति | १८ | १२ | ३० | ६० | |
| भाषा | ३० | - | ३० | १०० | |
| विषयवस्तुको क्रम | १६ | १४ | ३० | ५३.३३ | |
| समापन | १७ | १३ | ३० | ५६.६६ | |

व्यापारिक चिठी लेखनका सन्दर्भमा विषयवस्तुगत प्रस्तुति सन्देश, प्रस्तुति, भाषा, विषयवस्तुको क्रम र समापन जस्ता पक्षहरुको उचित प्रयोगमा आधारित हुने गर्दछ। अधिकाशं विद्यार्थीहरुको प्रस्तुति खजमजिएको छः पुस्तक मागको अनुरोध, पुस्तक सूची, पुस्तक वापतको भुक्तानी रकम उल्लेख नगरेका कारण लेखनको प्रस्तुति कमजोर रहेको छ। विषयवस्तुको क्रम मिलाएर लेख्नसक्ने विद्यार्थीहरु ५३.३३ प्रतिशत मात्र छन्। चिठी लेखनको समापनमा सक्षम विद्यार्थीको संख्या समेत न्यून रहेको छ। विषयवस्तुको प्रस्तुतिमा ७४ प्रतिशत विद्यार्थीहरु सक्षम छन् भने २६ प्रतिशत विद्याथीहरु कमजोर रहेका छन्।

## व्याकरणिक तत्व

**तालिका ६ चिठी लेखनमा व्याकरणिक तत्वगत क्षमता**

| व्याकरणिक तत्वगत एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| शब्दभण्डार | १६ | १४ | ३० | ५३.३३ | |
| वर्णविन्यास | १२ | १८ | ३० | ४० | |
| सङ्गति | १९ | ११ | ३० | ६३.३३ | |
| वाक्यगठन | १७ | १३ | ३० | ५६.६६ | |
| अनुच्छेदगठन | १८ | १२ | ३० | ६० | |

स्रोतः लेखाइ परीक्षण २०७६

श्री चन्दननाथ मा. वि. जुम्लाका माध्यमिक तह कक्षा १० का विद्यार्थीहरुको चिठी लेखनमा व्याकरणिक तत्वगत क्षमताको अध्ययन गर्दा जुम्ली भाषाका शब्द प्रयोग गरेका छन्। उपभोक्ता सम्बन्धमा,रासी नं. सहिद, सहयोगीका लागि, चन्दनाथ, नागद, धन्यावाद, दुगम, अनुरोद जस्ता शब्दको प्रयोग गरेका छन्। मन्त्रलय, हादिक, कर्णली, कक्षाबाट, माध्यामिक, व्यवहार, विनम्र, गदछु जस्ता वर्णविन्यासगत त्रुटि गरेका छन्। सङ्गतिमा समेत अधिकाशं कमजोरी रहेको छ। वाकी रकम पुस्तकहरुको साथै विल प्राप्त हुनाका रकम भुक्तानी गरिरदिन व्यहोरा गदैछौ। वाक्यगठन र अनुच्छेदगठनमा समेत विद्यार्थीहरुको कमजोरी रहेको छ। हाम्रो यस साझा प्रकाशन पुल्चोक ललितपुर पुस्तक पसलमा कर्णाली पुस्तक पसलले विगत लामो समयदेखि प्रकाशन कक्षाबाट जस्ता अपुष्ट वाक्य एवम् मैंले केहि पुस्तकहरु मलाई चाहिय बमोजिम केहि पुस्तक उपलब्ध गराइदिन अनुरोध गर्दछु। कर्णाली पुस्तकालय पसलको अनुरोधमा तपाइले मागेका विषय पठाउनु हुनेछ भन्ने मेरो आग्रह छ। हाललाई निम्नानुसारका अनिवार्य पुस्तक कक्षा १० माग भएकाले शीघ्रातिशिघ्र गराइदिनहुन अनुरोध गरिन्छ। जस्ता वाक्यगठन, अनुच्छेदगठनगत कमजोरी रहेको छ। यसरी चिठी लेखनमा व्याकरणिक तत्वगत क्षमता भएका ५४.६६ प्रतिशत विद्यार्थीहरु छन् भने ४५.३४ प्रतिशत विद्यार्थीहरु लेखन क्षमतामा कमजोर रहेका छन्।

**श्री जनता मा. वि. महतगाउ**

**चिठी लेखन क्षमता**

**आन्तरिक संरचना**

**तालिका ७ चिठी लेखनमा आन्तरिक संरचनात्मक लेखन क्षमता**

| आन्तरिक संरचनात्मक एकाइ | सही लेख्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| मिति | १४ | ११ | २५ | ५६ | |
| सम्बोधन | १० | १५ | २५ | ४० | |
| विषय | १९ | ६ | २५ | ७६ | |
| संरचना | ४ | २१ | २५ | १६ | |
| पठाउनेको नाम | ९ | १६ | २५ | ३६ | |
| पाउनेको नाम | ९ | १६ | २५ | ३६ | |

श्री जनता मा. वि. महतगाउँ, जुम्लाका माध्यमिक तह कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको व्यावहारिक लेखन क्षमताको अध्ययन गर्दा चिठी लेखन अन्तर्गत आन्तरिक संरचनात्मक आधारमा विद्यार्थीहरुको लेखनमा मिति अंग्रेजी अङ्कमा लेखिनु कतिपयले मिति लेख्न छोड्नु एवम् समबोधनमा आदरणीय साझा प्रकाशन, श्रीमान् व्यवस्थापन, श्रीमान् प्रकाशन जस्तो सम्बोधनगत त्रुटि गरेका छन् । व्यापारिक चिठी लेखनमा विषय संरचनात्मक एकाइमा अनिवार्य मानिन्छ । विषय लेख्नमा कतिपय विद्यार्थीले छोडेका छन् । कतिपयले विषय अस्पष्ट लेखेका छन् । कर्णाली पुस्तक पसल उपलब्ध गराइ दिने बारे भनेर विषयमा लेखेका छन् । मिति, सम्बोधन, विषय, पुस्तक मागको अनुरोध, पुस्तकको विवरण, भुक्तानीको सन्दर्भ पठाउने पाउनेको नाम, ठेगाना, व्यापारिक चिठीको संरचनामा हुनुपर्ने कुराहरु हुन् । यस्तो संरचनामा लेख्नसक्ने विद्यार्थीहरुको संख्या कम मात्रामा रहेको छ । पठाउने र पाउनेको नाम र ठेगानामा समेत लेखनगत त्रुटि गरेका छन् । चिठीको आन्तरिक संरचनात्मक लेखन क्षमता भएका औसतमा ४३.३३ प्रतिशत विद्यार्थीहरु छन् भने लेखन क्षमतामा औसतमा ५६.६६ प्रतिशत विद्यार्थीहरु कमजोर रहेका छन् ।

## विषयवस्तुको प्रस्तुति

**तालिका ८ चिठी लेखनमा विषयवस्तुको प्रस्तुतिगत क्षमता**

| विषयवस्तुको प्रस्तुतिगत एकाइ | सही लेख्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| सन्देश | १६ | ९ | २५ | ६४ | |
| प्रस्तुति | ६ | १९ | २५ | २४ | |
| भाषा | १२ | १३ | २५ | ४८ | |
| विषयवस्तुको क्रम | ५ | २० | २५ | २० | |
| समापन | ५ | २० | २५ | २० | |

चिठी के का लागि लेखिएको हो ? चिठीमा के भन्न खोजिएको छ ? भन्ने कुरामा केही विद्यार्थीहरु अस्पष्ट छन् । विषय नै नलेख्ने विद्यार्थीहरुको संख्या समेत रहेको छ । पूर्ण विवरण सहितको प्रस्तुतिमा कम विद्यार्थीहरु सक्षम छन् । कसैले पुस्तक मागको कुरा नै नराखेका त कसैले पुस्तकको विवरण नै नराखेका कसैले भुक्तानीको कुरा नलेखेका छन् । भाषागत प्रयोग दाहोरिएको छ । कथ्य बोलीको भाषा प्रयोग अस्पष्ट रहेको छ । तपाइँ सामु यो चिठी तयार पारेका छौं । पुस्तक पसलमा पठाइदिन पेस गर्दछु । पुस्तकालयले आदि पैसा अहिले पेय गरेको छु । यस कर्णाली पुस्तक पसलको जुम्लाले गरेको निणय गरेको अनुसार पुस्तक संचालित जस्तो घुमाउरो भाषा प्रयोग गरेका छन् भने समापनमा समेत उचित ध्यान दिन सक्ने विद्यार्थीहरुको संख्या कम मात्रामा रहेको छ । विषयवस्तुको उचित प्रस्तुति सहित लेखन क्षमता भएका विद्यार्थीहरु औसतमा ३५.२ प्रतिशत छन् भने लेखन क्षमता कमजोर भएका विद्यार्थीहरु औसतमा ६४.८ प्रतिशत रहेका छन् ।

## व्याकरणिक तत्व

**तालिका ९ चिठी लेखनमा व्याकरणिक तत्वगत लेखन क्षमता**

| व्याकरणिक तत्वगत एकाइ | सही लेख्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थी प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| शब्दभण्डार | १५ | १० | २५ | ६० | |
| वर्णविन्यास | १३ | १२ | २५ | ५२ | |
| संगति | ११ | १४ | २५ | ४४ | |
| वाक्यगठन | १० | १५ | २५ | ४० | |
| अनुच्छेद गठन | ११ | १४ | २५ | ४४ | |

सभ्फा, सव्वै, गदै, उपयुक्त सम्बन्धमा जस्ता उच्चार्यगत शब्दको प्रयोग गरिएको छ । शब्दभण्डारमा विद्यार्थीहरुको क्षमता कमजोर रहेको छ । उपलब्द, आयको, धन्यवात, विशय, अनिवारे, ग्रहक, विद्याथी, गदछु, कणाली, पनी जस्ता वर्णविन्यासगत त्रुटि गरेका छन् । संगतिगत त्रुटि पनि अधिकाशं नै रहेको छ । हामीले आवश्यक परेको किताबहरु निम्न छन् । कणाली पसल जुम्लाले साभ्फा प्रकाशनले पुल्चोक ललितपुरलाई चिठी लेखेको हुन् । जस्ता संगतिगत त्रुटिहरु छन् भने वाक्यगठनगत त्रुटि पनि ६० प्रतिशतले गरेका छन् । पुस्तक गराउने सवीनय सम्बन्धमा, हाम्रा पुस्तक सम्पूर्ण पुस्तक र साहित्यिक पुस्तकहरु चाहियको हुनाले त्यस कारण हाम्रो यस कर्णाली पुस्तक पसल जुम्लाले मगाए अनुसार ललितपुरलाई धन्यवाद दिदै विदा हुदैछु जस्ता अस्पष्ट वाक्यगठनगत त्रुटि गरेका छन् । चिठी लेखनमा अनुच्छेदको उचित गठन हुनुपर्दछ । त्यसो नभएर छरिएर रहेको अभिव्यक्ति । शृङ्खला नमिलेको अनुच्छेद गठन गरिएको छ । जस्तै हामीले केही अनिवारे पुस्तक जुम्लाको विद्यालयहरुमा आवश्यक चाहिने भएकाले त्यसैले हामीले यस पुल्चोक ललितपुरलाई लेख्न आवश्यक परेको छ । जस्तो अनुच्छेद तयार पारिएको छ । चिठी लेखनमा व्याकरणिक ततवगत क्षमता औसतमा ४८ प्रतिशत विद्यार्थीहरुमा छ भने ५२ प्रतिशत विद्यार्थीहरुमा लेखन क्षमता कमजोर रहेको छ ।

**श्री भैरव मा.वि.धुपीढुस्का , जुम्ला**

**चिठ्ठी लेखन**

ब्यावहारिक लेखनको महत्वपुर्ण पक्ष चिठ्ठी लेखन हो ब्यापार ब्यवसायमा चिठ्ठी लेखन अझ महत्वपुर्ण हुन्छ। ब्यापारिक चिठ्ठीको नमुनामा आधारित भएर कक्षा १० मा अध्ययन रत विदार्थीहरुले चिठ्ठी लेख्न सक्छन कि सक्दैनन् उनीहरुको ब्यापारिक चिठ्ठी लेखन क्षमता कस्तो रहेको छ भनेर ब्यापारिक चिठ्ठीको आन्तरिक संरचना , विषयवस्तुको प्रस्तुति र ब्याकरणिक तत्वमा केद्रित भएर उनीहरुको लेखन क्षमताको अध्ययन गरिएको छ।

आन्तरिक संरचना

**तालिका १० चिठी लेखनको आन्तरिक संरचना**

| ब्यकरणिक तत्वगत एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| मिति | २२ | ३ | २५ | ८८५ | |
| सम्वोधन | ९ | १६ | २५ | ३६५ | |
| विषय | २१ | ४ | २५ | ८४५ | |
| संरचना | ५ | २० | २५ | २०५ | |
| पठाउनेको नाम र ठेगाना | ८ | १७ | २५ | ३२५ | |
| पाउनेको नाम र ठेगाना | ८ | १७ | | ३२५ | |

स्रोत : लेखन परीक्षण २०७६

चिठी लेखनमा मिति लेखिनुपर्छ। अधिकांश विद्यार्थीहरुले मितिलेखेका छन। केहीले लेख्न छोडेका त केहीले अंग्रेजी अंकमा लेखेका छन्। सम्बोधन गर्ने क्रममा श्री कर्णली पुस्तक पसल श्रीमान सिस्ने पसल , प्रधानाध्यापक ज्यु भनेर सम्बोधन गर्न त्रुटि गरेका छन्। सही सम्बोधन लेख्न सक्ने विद्यार्थीहरुको संख्या थोर मात्र रहेको छ। विषय धेरै विद्यार्थीहरुले लेखेका छन्। केही विद्यार्थीहरुले विषय भनेर साझा प्रकाशन पुल्चोक ललितपुरलाई लेखान चिठ्ठी लेखेका छन। चिठीको संरचनात्मक ढाँचामा रहेर लेख्ने विद्यार्थी थोरै छन्। पुस्तक विवरण भुक्तानी सम्बन्धमा पुस्तक माग सम्बन्धमा पढाउने पााउने मिलाएर नलेखने विद्यार्थी धेरै नै छन। पढाउने पाउनेको नाम र ठेगाना केही विद्याथौहरुले अगाडी पछाडी गरेर समेत लेखेका छन्। चिठ्ठी लेखनको आन्तरिक संरचनात्मक स्वरुपमा लेख्न सक्ने क्षमता भएका विद्यार्थीहरु औसतमा ४८.६६५ छन भने आन्तरिक संरचनामा लेख्न सक्ने क्षमता कमजोर भएका विद्यार्थीहरु औसतमा ५१.३३५ रहेका छन्।

## विषयवस्तुको प्रस्तुति

**तालिका ११ चिठी लेखनमा विषयवस्तुको प्रस्तुति**

| विषयवस्तुको प्रस्तुतिगत एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| सन्देश | १७ | ८ | २५ | ६८५ | |
| प्रस्तुति | ६ | १९ | २५ | २४५ | |
| भषा | ६ | १९ | २५ | २४५ | |
| विषयवस्तुको क्रम | ३ | २२ | २५ | १२५ | |
| समापन | ३ | २२ | २५ | १२५ | |
| | | | | | |
| | | | | | |

चिठी के का लागि लेखिएको हो भनेर स्पष्टसंग तोक्न नसकेका विद्यार्थीहरु समेत रहेका छन् । असष्टि खजमजिएको प्रस्तुति अधिकांश विद्यार्थीहरुले लेखाईमा छ । अनौपचारिक भाषा मिश्रित प्रयोग रहेको छ । यस उपरोक्ताका सम्बन्धमा निवेदन लेख्नुका कारण यो छ कि । हाम्रो कर्णाली पुस्तक पसलमा सकियको हुनाले पुस्तक पढाइदिन अनुरोध गर्दछु । जस्तो अभिब्यक्ति छ भने विषयवस्तुको क्रम अनुसारको लेखाई पनि कम विद्याथीले लेखेका छन् शिक्ष्ट संरचनात्मकरुपको समापन समेत लेखाइमा अभाव रहेको छ। पुस्तकहरु झिकाई विक्री वितरण गर्दे आयको कुरा श्री मानूलाई थाहा भएको छ । कर्णाली पुस्तक पसलमा पठाईलिनु जुम्ल जिल्ला भनेर मात्र समापन गरेको एवम् पाउने ठिाउने लेखेर अन्त्य गरे धेरै विद्यार्थीहरु छन । यसरी ब्यापारिक चिठ्ठी लेखनमा विषयवस्तुको प्रस्तुतिगत क्षमता भएका विद्यार्थीहरु औसतमा २८५ प्रतिशत छन् भने लेखाई क्षमता कमजोर भएका विद्यार्थीहरु औसतमा ७२५ प्रतिशत रहेका छन ।

### ब्याकरणिक तत्व

**तालिका १२ चिठी लेखनमा ब्याकरणिक तत्व**

| ब्याकरणिक तत्वगत एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| शब्द भण्डार | ६ | १९ | २५ | २४५ | |
| वर्णविन्यास | ४ | २१ | २५ | १६५ | |
| संङ्गति | ५ | २० | २५ | २०५ | |
| वाक्यगठन | ५ | २० | २५ | २०५ | |
| अनुच्छेदगठन | ५ | २० | २५ | २०५ | |
| औसतमा | | | | | |

श्री भैरव मा.वि. धुपिढुस्काका माध्यामिक तह कक्षा १० का विद्यार्थीहरु ब्याकरणिक चिठ्ठी लेखनमा ब्याकरणिक तत्व अर्न्तगत शब्दभण्डारमा कमजोर रहेका छन। कक्षाबाट किताब , चिठ्ठीक , उपरोप्त, गरदैछौ , हार्दिक गर्दे , श्रीमान लाई जस्ता वर्णविन्यासगत त्रुटि गरेका छन्। जुम्ला विद्यालय सच्चालन हुन लाग्येको छ। जस्तो संङ्गतिगत त्रुटि गरेका छन भने अनिवार्य विषयका पुस्तकहरु उपलब्ध गरी अनुरोध गछौ तपाइको प्रकाशन कक्षाबाट पुस्तकहरु झिकाइ विक्री वितरण गर्दे आएको श्रीमानलाइ थाहा भएको छ। जस्तो वाक्यगठन पाइन्छ भने अनुच्छेद गठनमा समेत यथेष्ठ कमजोरी रहेको छ। साझा प्रकाशन चुल्चोक ललितपुरलाई भन्ने आसा गरेकि छु। हामि कक्षा १० का विद्यार्थीहरु आसागरेका छौ। अनिवार्य विषयहरु उपलब्दीमा कर्णाली पुस्तकपसल हरेक विषयको राम्रोसंग पढाइ होस भन्ने म चाहान्छु जस्तो अस्पष्ट विश्रृङ्गखलित अनुच्छेद गठन रहेको छ। चिठ्ठी लेखनमा ब्याकरणिक तत्व का आधारमा लेखाइ क्षमता भएका विद्यार्थीहरु औसतमा २० ५ मात्र रहेका छन।

## चिठी लेखनका समस्याहरु

१. **पाढ्यक्रम सम्बध समस्या** : चिठी लेखनको सुरु, चिठी लेखन र पाठ्यक्रम, चिठी लेखन र विषय क्षेत्र, विषय क्षेत्रको उपयुक्तता।

२. **शिक्षण सम्बद्ध समस्या** : सिद्धान्तपरक शिक्षणको कमी, अभ्यास शिक्षण नहुनु।

३. **सिकाइ सम्बद्ध समस्या** : ज्ञानात्मक सिकाईको अभाव, प्रयोगात्मक/व्यावहारमूलक सिकाई नहुनु।

## चिठी लेखनका समस्याहरुको समाधानका उपायहरु

### पाठ्यक्रम

माध्यमिक तह कक्ष १० को नेपाली भाषा विषयको पाठ्यक्रममा रहेको चिठी लेखनका सम्बन्धमा देखिएको अस्पष्टता लाई समाधान गर्न निम्नानुसार उपायहरु अवलम्वन गरिनु पर्दछ। चिठी लेखनको पाठ्यक्रम पाठ्यक्रम सम४ विषय क्षेत्र, शिक्षण विधि, शिक्षण सामाग्री शिक्षण सिकाई क्रियाकलापका बारेमा शिक्षकलाई पुनर्ताजगी गराइनु पर्ने। चिठी लेखनलाई भाषाको लिखित सीप विकासको प्रमुख आधारका रुपमा तय गरिनु पर्ने। नेपाली विषयको पाठ्यक्रममा ब्यावहारिक लेखनलाई प्राथमिकतामा राखिनु पर्ने। पाठ्यक्रम अनुरुप पाठ्यपुस्तक तयार पार्दा चिठी लेखन सम४ पा७ र ब्यावहारिक लेखनको अभ्यास निर्देश गरिनूपर्ने। चिठी लेखनको शिक्षण विधिका सम्बन्धमा पाठ्यक्रममा स्पष्ट उल्लेख गरिनुपर्ने। पाठ्यक्रममा चिठी लेखनका विषय क्षेत्र थप्नुपर्ने। चिठी लेखनका लागि प्रयुक्त प्राभावकारिर शिक्षण सामाग्रीहरु निर्देश गरि पर्ने। माध्यमिक तह कक्षा १० को पाठ्यक्रममा चिठी लेखनका लागि प्रभावकारी शिक्षण सिकाई क्रियाकलापको मार्गनिर्देश गरिनुपर्ने। भाषा व्यवहार संचालनको प्रमुख आधार हो। कक्षा १० को नेपाली विषयको पाठ्यक्रममा चिठी लेखनलाई प्रायोगिक बनाउनु पर्ने। चिठी लेखनलाई भाषाको लिखित प्रयोगत्मक मूल्याङ्कनको आधारमा निर्धारण गरिनुपर्ने।

### विषयक्षेत्र

चिठी लेखनका विषय क्षेत्रमा देखिएका समस्याहरूको समाधानका लागि उल्लेखित उपायहरू अवलम्बन गरिनु आवश्यक छ। व्यावहारिक लेखनका व्यापारिक चिठ्ठी, शुभकामना पत्र, निमन्त्रणा पत्र, लेखनमा थप बैक भौचर भरपाई मन्जुरीनामा जस्ता विषय क्षेत्र थप्नुपर्ने यसले गर्दा व्यवहार उपयोगि लेखनमा थप अभ्यास गर्न

मद्दत पुग्दछ । विद्यार्थीहरूले प्रयोग गर्ने संचारगत प्रविधि सँगै व्यावहारिक लेखनका विषयक्षेत्रको प्रयोग गरिनुपर्ने । निर्दिष्ट विषयक्षेत्रको लेखनको अभ्यासमा जोड दिनुपर्ने । चिठी लेखनका निर्दिष्ट विषयक्षेत्र भित्र अर्न्तविषयमा विविधिता प्रस्तुत गरिनु पर्ने । चिठी लेखनका विषय पक्षमा लेखन अभ्यासात्मक कार्यकलाप राखिनु पर्ने । चिठी लेखनका विषयक्षेत्रलाई लेखनको महत्वपुर्ण सीपका रूपमा अवलम्वन गरिनुपर्ने । कक्षा १० को पाठ्यक्रममा रहेका विषय क्षेत्रका बारेमा शिक्षक विद्यार्थीलाई यथेष्ट जानकारी गराउनुपर्ने । विषयक्षेत्रका विशिष्ट सन्दर्भलाई प्रयोगपरक बनाइनुपर्ने ।

## शिक्षण विधि

चिठी लेखन क्षमता अभिवृद्धिका लागि शिक्षण विधिमा ध्यान दिनु पर्दछ । यसका लागि चिठी लेखनका लागि विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गरिनु पर्ने, चिठी लेखनका विषय क्षेत्रको सैद्धान्तिक संरचनाका बारेमा शिक्षकले ब्याख्यान विधिको प्रयाग गरी शिक्षण गरिनुपर्ने, चिठी लेखनका विषय क्षेत्रको एक आपसमा तुलना गरेर अर्थात विद्यार्थीहरूको लेखनको तुलना गरेर समानता असमानता पहिल्याएर तुलनात्मक शिक्षण विधिको प्रयोग गरी शिक्षण गरिनुपर्ने, राम्रो चिठी लेखनको अनुकरण गर्न लगाएर वा शिक्षकले आर्दश रुप लेखिदिएर आर्दश लेख्य विधिका माध्यामबाट शिक्षण गर्ने, व्यापारिक चिठ्ठी, शुभकामना पत्र, निमन्त्रणा पत्र, लेखनमा क्षमता अभिबृद्धि गर्न छलफल समूह कार्य, व्यक्तिगत कार्य विधिका माध्यमबाट शिक्षण गतिविधि संचालन गरिनुपर्ने, चिठी लेखनलाई प्रयोगत्मक गर्न लेखनलाई एक आपसमा समीक्षा गर्न प्रयोत्मक एवम् समीक्षा विधिको समेत प्रयोग गरी शिक्षण गरिनुपर्ने, आदर्श लेखनको प्रदर्शन लेखनका सम्बन्धमा प्रश्नोत्तर गर्न प्रश्नोत्तर एवम् प्रदर्शन विधिको प्रयोग गरी शिक्षण गरिनुपर्ने ।

## शिक्षण सामग्री

चिठी लेखनका लागि प्रभावकारी शिक्षण सामग्रीको प्रयोग गरिनु पर्दछ शिक्षण सामग्री सम्बन्धी निम्नानुसारका उपायहरु अवलम्बन गरिए व्यावहारिक लेखन अर्न्तगत व्यापारिक चिठी लेखनको लेखाइ सीपको शिक्षण प्रभावकारी हुने विश्वास छ। व्यापारिक चिठ्ठीका नमुना, चिठी लेखन अभ्यास पुस्तिका, चिठी लेखन सम्बन्धी श्रब्य दृश्य सामग्री, चिठी लेखनसम्बन्धी साहित्यिक विधा, चिठी लेखन सन्दर्भ सामग्री ।

## शिक्षण सिकाइ क्रियाकलाप

माध्यमिक तहका विद्यार्थीलाई चिठी लेखन क्षमता अभिवृद्धिका लागि गरिनुपर्ने शिक्षण सिकाइमा मुख्य गरी व्यापारिक चिठ्ठीका नमुनाहरू संङ्कलन गर्न लगाउने, लेखनको तुलनात्मक छलफल गर्न लगाउने, आर्दश लेखनको प्रर्दशन गर्न लगाउने, समुहकार्य एवम् व्यक्तिगत कार्यका आधारमा व्यापारिक चिठ्ठी लेखनका बारेमा प्रश्नोत्तर एवम् समीक्षा गर्न लगाउने, श्रव्य दृश्य सामग्रीका माध्यमबाट व्यापारिक चिठ्ठी लेखनको चर्चा गर्न लगाउने, अभ्यास पुस्तिका वा व्यावहारिक लेखन सर्न्दभमा सामग्रीका सहायताले विद्यार्थीहरुलाई लेखन अभ्यास गराउने, प्रशस्त नमुना सामग्री, पत्रको स्वरुप, लेखन प्रक्रिया तथा अङ्ग प्रत्याङ्गको पर्याप्त बोध र अनुभव गराउने, व्यापारिक चिठी लेखनको पर्याप्त लेखन अभ्यास गराउने ।

## निष्कर्ष

यस अध्ययनको निष्कर्ष माध्यमिक तहका विद्यार्थीहरूको चिठी लेखन क्षमता लेखनमा पर्ने व्यापारिक चिठी लेखनको आन्तरिक संरचनामा रहेका मिति, सम्बोधन ,विषय ,संरचना, पठाउने र पाउने संरचनामा केन्द्रितभएर लेख्न सक्ने विद्यार्थीहरु ५६.३२५ छन् । उक्त संरचनामा आधारित भएर लेख्न नसक्ने कमजोर विद्यार्थीहरु ४३.६८५ रहेका छन् । चिठीको संरचनामा मिति महत्वपुर्ण हुन्छ । मिति लेख्न छाडेका लेखेपनि अंग्रेजी अंङकमा लेखेका चिठ्ठी कसलाई लेखिएको हो सम्बोधन नगरेका, अनिवार्य विषयका पाठ्यपुस्तक पठाइदिन हुन भन्ने सम्बन्धको चिठी लेखनको विषय नराखेको, व्यापारिक चिठीको संरचनामा केन्द्रित हुन नसकेका पठाउने र पाउने स्पष्ट नाम उल्लेख गर्न नसकेका लेखनमा रहेका कमजोरी हुन् । चिठी लेखनको विषयवस्तुगत प्रस्तुतिमा ४८.४६५ विद्यार्थीहरू सक्षम छन् ५१.५४५ विद्याथीहरू चिठी लेखनको विषयवस्तुगत प्रस्तुतिमा कमजोर रहेका छन् । विषयवस्तुको प्रस्तुतिमा सन्देश, प्रस्तुति, भाष, विषयवस्तुको क्रम र समापन पक्षलाई केन्द्रित बनाएर अध्ययनगर्दा चिठी के का लागि लेखिएको हो के भनन खोजेको हो चिठ्ठीको सन्देश स्पष्ट नहुनु आफुलाई चाहिएका पुस्तक पठाइदिन अनुरोध चाहिएका आवश्यक पुस्तकहरुको विवरण, उक्त पुस्तकका लागि भुक्तानी प्रक्रिया शिष्ट प्रस्तुति हुननसक्नु, मातृभाषको प्रभाव पर्नु विषयवस्तुको क्रम खजमजिएको क्रम नै नरहेको समापन प्रक्रिया नमिलेको रहेको छ ।

## सन्दर्भसामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०५३), नेपाली भाषा शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०६४), प्रारम्भिक नेपाली, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ओझा, रामनाथ (२०७५), व्यावहारिक लेखन तथा सम्पादन, काठमाडौं : करुधरा पब्लिकेसन प्रा. लि. ।

खनाल, पेशल (२०६७), अनुसन्धान पद्धति, काठमाडौं : सनलाइट पब्लिकेसन ।

खनाल, श्रीराम (२०६९), विज्ञापन, जनसम्पर्क र मिडियाका मुद्दाहरु, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

घर्ती, शशिराम (२०६९), रुकुम जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन, त्रि. वि. कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

जोशी, दुर्गाकुमारी (२०७३) बजाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरुको सूचना लेखन क्षमताको अध्ययन, त्रि. वि. कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

बन्धु, चूडामणि (२०६५), अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, तारादेवी (२०६९), स्याङ्जा जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन, त्रि. वि. कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

भण्डारी, पारसमणि (२०७४), प्राज्ञिक लेखन तथा सम्पादन, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६२), नेपाली भाषा शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०५७), नेपाली भाषा शिक्षण परिचय, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६२), शोधविधि, काडमाडौं : साझा प्रकाशन ।

Best, j. w. and kahn, j. v. ( 1999) . *Research in Education*( 7th ed.) . New Delhi : Prentice Hall of India .

Kumar, R. (1999) . *Research Methodology*. New Delhi : Sage Publication.